# संवत् २०८० साल साउन ३० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | युनिसेफको आयोजनामा नेदरल्याण्ड्सको हेगमा आयोजना हुने Micronutrient Forum 6th Global Conference (MNF2023) कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य प्रा.डा. आर.पि. बिच्छालाई सहभागिताका लागि स्वीकृति प्रदान गर्ने। |
| २. | अर्थ मन्त्रालय | एसियाली विकास बैंकबाट Rural Connectivity Improvement Project-Additional Financing का लागि प्राप्त हुने १०० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने। |
| ३. | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | सत्य निरुपण तथा मेलिमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको लागि जम्मा ५८ जना राजपत्राङ्कित कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ४. | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना र सो आयोजना अन्तर्गत विकेन्द्रित आयोजना सहयोग इकाईहरुका लागि आवश्यक १९ वटा राजपत्राङ्कित पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ५. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | प्रतापपुर हेल्थपोष्टको नाममा रहेको नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) साबिक प्रतापपुर गा.वि.स. वडा नं. ४घ स्थित ०-९-१३ बिघा जग्गा प्रतापपुर गाउँपालिकालाई प्रशासकीय भवन निर्माणार्थ उपयोग गर्न स्वीकृति दिने। |
| ६. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | लमजुङ जिल्ला हाल बेसीशहर नगरपालिका वडा नं. ३ स्थित १७-१४-३-१ रोपनी सार्वजनिक प्रकृतिको जग्गा सशस्त्र प्रहरी बल नेपाल आश्रीत गुल्म लमजुङलाई प्रयोग गर्न स्वीकृति दिने। |
| ७. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | भूउपयोग (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने। |
| ८. | रक्षा मन्त्रालय | काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको विस्तृत आयोजना प्रतिवेदन परिमार्जन गर्न स्वीकृति दिने। |
| ९. | वन तथा वातावरण मन्त्रालय | माथिल्लो दरौंदी बि साना जलविद्युत आयोजनाको भौतिक पूर्वाधारहरु निर्माण गर्न गोरखा जिल्लाको सुलीकोट गाउँपालिका वडा नं. २ र अजिरकोट गाउँपालिका वडा नं.१ मा रहेको राष्ट्रिय वन क्षेत्रको ४.९२ हेक्टर जग्गा पच्चिस वर्षसम्म प्रयोग गर्न स्वीकृति दिने। |
| १०. | वन तथा वातावरण मन्त्रालय | वड्कापथ सिंचाइ आयोजना निर्माणको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने। |
| ११. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | विज्ञान, प्रविधि तथा नवप्रर्वतनसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने। |
| १२. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | अमरगढी नगरपालिका, डडेल्धुरालाई साविक उग्रतारा गा.वि.स. वडा नं. २ को १४-५-१-० रोपनी जग्गा ल्यान्डफिल साइट निर्माण गर्ने प्रयोजनका लागि प्राप्ति गर्न सहमति प्रदान गर्ने। |
| १३. | नेपाल लेखापरीक्षण सेवाको समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा नायबमहालेखापरीक्षक श्री पदमराज पौडेललाई बढुवा गर्ने। | |

# २०८० भदौ ६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.स. | मन्त्रालय | विषय |
|---|---|---|
| 1 | अर्थ मन्त्रालय | धुलिखेल अस्पताल ट्रमा तथा आपतकालीन केन्द्र सुधार परियोजनाका लागि जापान सरकारबाट प्राप्त हुने जापानी येन ३ अर्ब २९ करोड ६० लाख अनुदान सहायता स्वीकार गर्ने। |
| 2 | अर्थ मन्त्रालय | कर्जा सुरक्षण (चौथो संशोधन) नियमहरू, २०८० स्वीकृत गर्ने। |
| 3 | अर्थ मन्त्रालय | २०८० साल असोज ८-९ गते इजिप्टको शार्म एल शेखमा आयोजना हुने एसियाली पूर्वाधार लगानी बैंकको बोर्ड अफ गभर्नर्सको आठौं वार्षिक बैठकमा माननीय अर्थमन्त्री (एसियाली पूर्वाधार लगानी बैंकका लागि गभर्नर) नेतृत्वको प्रतिनिधि मण्डललाई सहभागी हुन स्वीकृति दिने। |
| 4 | अर्थ मन्त्रालय | धितोपत्र दर्ता तथा निष्काशन (सातौं संशोधन) नियमावली,२०८० संशोधन गर्न स्वीकृति प्रदान गर्ने। |
| 5 | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल इञ्जिनियरिङ सेवा, केमिकल इञ्जिनियरिङ समूह, राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) मा बढुवा गर्ने। |
| 6 | खानेपानी मन्त्रालय | राष्ट्रिय खानेपानी, सरसफाई तथा स्वच्छता नीति, २०८० स्वीकृत गर्ने। |
| 7 | गृह मन्त्रालय | उमेर, जात र नाम सच्याउने (तेस्रो संशोधन) नियमहरू, २०८० स्वीकृत गर्ने। |
| 8 | गृह मन्त्रालय | मल्दिभ्समा भदौ २३, २०८० (तदनुसार सेप्टेम्वर ९, २०२३), मा हुन गइरहेको राष्ट्रपतीय निर्वाचनको अवलोकन गर्न भदौ २१-२६, २०८० सम्मका लागि माननीय निर्वाचन आयुक्त श्री रामप्रसाद भण्डारीको भ्रमण स्वीकृत गर्ने। |
| 9 | परराष्ट्र मन्त्रालय | सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड" नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै न्यूयोर्कमा आयोजना हुने सयुक्त राष्ट्रसंघको ७८ औं महासभामा सहभागी हुन भ्रमण कार्यक्रम स्वीकृत गर्ने। |
| 10 | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | सुर्खेत जिल्ला साविक अवलचिङ्ग गा.वि.स. वडा नं. ४क को ९ रोपनी जग्गा चिङ्गाड गाउँपालिका वडा न. ५ मा निर्माण हुने १५ शय्याको आधारभूत अस्पताल निर्माणार्थ चिङ्गाड गाउँपालिकालाई उपयोग गर्न स्वीकृति दिने। |
| 11 | वन तथा वातावरण मन्त्रालय | वन तथा वातावरण मन्त्रालयअन्तर्गत आ.व.२०८०/८१ मा सञ्चालन हुने संरक्षित क्षेत्र र जैविक मार्गका लागि एकिकृत भू परिधि व्यवस्थापन आयोजना लगायतका सत्र वटा आयोजना तथा कार्यक्रमहरुका लागि राजपत्रांकित श्रेणीको ३८ अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने। |

| | | |
|---|---|---|
| 12 | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | चिकित्सा शिक्षा आयोग र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत निकायहरूका लागि राजपत्राङ्कित श्रेणीका ७४ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| 13 | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | गीत-सङ्गीतमार्फत राष्ट्रलाई पुऱ्याउनुभएको योगदानको कदर स्वरूप स्व. जे.बि. टुहुरे (जुठबहादुर टुहुरे खड्गी) लाई जनगायक उपाधि प्रदान गर्ने। |
| 14 | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | आगामी मिति २०८० असोज १३ देखि १७ गतेसम्म संयुक्त राज्य अमेरिकाको टेक्सासमा आयोजना हुने "2023 International City/County Management Association (ICMA) Annual Conference" विषयक कार्यक्रममा सहभागी हुन वीरगंज महानगरपालिकाका प्रमुख श्री राजेश मान सिंहको भ्रमण स्वीकृत गर्ने। |
| 15 | सहरी विकास मन्त्रालय | शहरी विकास मन्त्रालय अन्तर्गत नयाँ शहर आयोजना लगायतका निकायहरुको आर्थिक वर्ष २०८०/८१ को लागि राजपत्रांकित श्रेणीका ४६९ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| 16 | माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किरातीका पिता श्री हर्कबहादुर राईको ७६ वर्षको उमेरमा असामयिक निधन भएकोमा नेपाल सरकारको तर्फतबाट गहिरो शोक प्रकट गर्दै श्रद्धाञ्जली व्यक्त गर्ने। यस दुःखद घडीमा माननीय मन्त्रीज्यू, शोकसन्तप्त परिवारजन र शुभेच्छुकप्रति हार्दिक समवेदना प्रकट गर्ने। | |